नेपाल सरकार
Government of Nepal
कृषि विकास मन्त्रालय
Ministry of Agricultural Development
सिंहदरबार, काठमाण्डौं, नेपाल
Singhdurbar, Kathmandu, Nepal

AFACI
Asian Food & Agriculture Cooperation Initiative

# फर्सी खेती पात्रो (Pumpkin Cropping Calendar)

| महिना | बैशाख | | | | जेष्ठ | | | | आषाढ | | | | श्रावण | | | | भाद्र | | | | आश्विन | | | | कार्तिक | | | | मंसिर | | | | पौष | | | | माघ | | | | फाल्गुन | | | | चैत्र | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| मौसम | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |


गोड्मेल, मलखाद र सिंचाई व्यवस्थापन


थांक्रा व्यवस्थापन


भण्डारण र बजारीकरण


खेतको तयारी अवस्था


बेर्ना तयारी अवस्था

## फर्सी



फर्सी गर्मीयाममा हुने, प्रांगारिक पदार्थ प्रशस्त चाहिने तथा माटोको पि.एच. ६.५-७.५ भएको दोमट वा बलौटे दोमट माटोमा राम्रोसँग खेती गर्न सकिन्छ ।

## जातहरु



सोनार-०२२ वर्णशंकर जात पन्जीकृत गरिएको छ । नेपालमा फर्सीलाई तीन थरीमा बाड्न सकिन्छ। (क) नेपाली फर्सी (ख) हिउँदे अथवा युरोपियन फर्सी र (ग) सुख्खा अथवा गर्मी यामको स्क्वास ।

नेपालमा स्थानिय जातका नेपाली फर्सीहरुको खेती सफलतापूर्वक गरिदै आएको छ । बेर्ना सारेको ७५-८० दिनमा स्थानिय फर्सीको फल टिप्न सकिन्छ र यसको सरदर उत्पादन ५५ मेट्रिक टन प्रति हेक्टर सम्म हुने गर्दछ ।

## बाली लगाउने र लिने समय

| क्षेत्र | लगाउने समय | बाली लिने समय |
|---|---|---|
| उच्च पहाड | बैशाख-जेष्ठ | भाद्र-आश्विन |
| मध्य पहाड | फाल्गुण-चैत्र | आषाढ–असोज |
| तराई, खोंच, बेंसी | माघ-फाल्गुण | बैशाख-भाद्र |

## बीउ दर



एक रोपनीको लागि १२५ ग्राम बीउ भए पुग्छ ।

## जातहरु

बर्णशंकर जात - सोनार ०२२ (तराई र मध्य पहाडको लागि सिफारिस)

## रोप्ने दूरी



हारबाट हारसम्मको दूरी – २ मिटर
बोटबाट बोट सम्मको दूरी - २ मिटर

बीउ रोप्दा २ दाना बीउ एक ठाउँमा रोप्ने तथा उम्रेपछि एउटा स्वस्थ र र म्रो बेर्ना मात्र राख्ने ।

## जमिनको तयारी



२-३ पटक राम्रोसँग खनजोत गरी एक रोपनीमा १५०० के.जी. गोबर मल, ५ के.जी. नाइट्रोजन, ३ के.जी. फस्फोरस र ३ के.जी. पोटास सँगै २ के.जी वायोजाम १ के.जी शुक्ष्मतत्वको धूलो आवश्यक पर्दछ। नाइट्रोजनको आधा भाग राखी बाँकी सम्पूर्ण मलखाद जग्गा तयारीको अन्तिम समयमा र म्ररी माटोमा मिलाउनु पर्दछ।

## मलखाद र सिंचाई

मलको प्रयोग गर्दा आधा भाग नाइट्रोजन मललाई दुई बराबर भाग लगाई बेर्ना सारेको ३० दिन पछि (त्यान्द्रा निकालेपछि) पहिलो मल दिने र दोस्रो भाग करिब ५०-६० दिन पछि (फुल फुल्न थालेपछि) हाल्ने ।

ठूला पात र ठूलो बोट हुनाले यसलाई सुख्खा याममा ७-१० दिनको अन्तरालमा नियमित सिंचाई दिनु पर्छ। फर्सी पाक्न शुरु भएपछि सिंचाई दिनु हुँदैन । खेतमा पानी निकासको राम्रो प्रवन्ध मिलाउनु पर्छ। पानी जम्न दिनु हुँदैन ।



## गोडमेल तथा थांक्रा व्यवस्थापन



रोपेको करिब २५-३० दिनपछि गोडमेल गरी हल्का उकेरा लगाउनु पर्दछ। फल माटोको सम्पर्कमा आउँदा कुहिने सम्भावना भएकोले थाँक्राको राम्रो प्रबन्ध गर्नु पर्दछ। घर, कौसी वा गोठको छानामा परम्परागत तरिकाले फर्सीको बोट चढाएर थाँक्राको व्यवस्था गरिने भएपनि खेतबारीमा लगाउँदा होंचो टाँड बनाएर वा छापो दिएर थाँक्राको व्यवस्थापन गर्न सकिन्छ।

## बाली लिने तरिका



फर्सी बालीको हरियो मुन्टा, हरियो फल र पाकेको फल प्रयोग गरिन्छ। हरियो मुन्टा धेरै पटक टिप्दा फल बालीमा असर पर्दछ। बेर्ना सारेको ८०-८५ दिनमा पहिलो फल टिप्न सकिन्छ।

बजारको माग अनुसार हरियो फल टिप्न सकिन्छ। फल टिप्दा ७-१० से.मी. फलको भेट्नु सहित टिप्नु राम्रो हुन्छ। बजारमा हरियो फलको माँग राम्रो भएकोले हरियो फर्सी बेचेर बढी फाइदा लिन सकिन्छ । पाकेको फर्सी भण्डारण गरी जाडोयाममा बेच्दा बढी फाइदा हुन्छ।

## उत्पादन




एक रोपनीमा हरियो फर्सीको फल करिब २०००-३००० के.जी.सम्म उत्पादन हुन्छ। यसरी ३००० के.जी. फर्सी रु. ४०/- प्रति के.जी. का दरले विक्री गरियो भने रु. १२००००।- प्रति रोपनी आम्दानी हुन्छ।

## भण्डारण



लामो अवधि भण्डारण गर्नको लागि घाउ चोट नलागेको परिपक्क फलहरु छान्नु पर्दछ। टिपेका फल माटोमा राख्नु हुँदैन। सुकेको पराल ओछ्याएर पराल माथि एउटा-एउटा गरेर राख्नु पर्दछ। एउटा फल माथि अर्को फल खप्टाएर राख्नु हुँदैन। फर्सीलाई गोलभेडा, स्याउ, अम्वासँग राख्नु हुँदैन। पोकेको फर्सीलाई १०-१२ डिग्री सेन्टिग्रेड तापक्रम र ५०-७० प्रतिशत सापेक्षिक आर्द्रताको अवस्थामा ५-८ महिनासम्म भण्डारण गर्न सकिन्छ।

## रोग र कीराको व्यवस्थापन



**फर्सीको रातो खपटे** – निमजन्य विषादी ३ मि.लि. प्रतिलिटर पानीमा मिसाई छर्ने ।

**फल कुहाउने औंसा** – १ भाग झोलमल ७ भाग पानीमा मिसाई फूल फुल्न थालेपछि २ दिनको फरकमा छर्नुपर्छ ।

**खराने रोग (पाउडरी मिल्ड्यु)** - १ भाग गाईभैंसीको गहुँतमा १० भाग पानी मिसाई ४-५ दिनको फरकमा ३ पटक सम्म छर्दा रोग न्यूनिकरण गर्न सकिन्छ।



## सन्दर्भ सामाग्री

तरकारी खेती प्रविधि-२०६८, कृषि व्यवसाय प्रवर्द्धन तथा तथ्यांक महाशाखा, कृषि विकास मन्त्रालय, काठमाडौं।